# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मौवाफाँट, म्याग्दी

प.सं.:-०७८/७९
च.नं.:-

गण्डकी प्रदेश, नेपाल

मिति : २०७९।०२।२६

**छात्रवृत्तिका लागि निवेदन पेश सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व. २०७८।०७९ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको परिधिमा रही छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७७ अनुसार यस गाउँपालिकाभित्र स्थायी ठेगाना भई म्याग्दी जिल्लाभित्र वा बाहिरका क्याम्पसहरुमा स्नातक तहको अध्ययन गर्ने विद्यार्थीहरुले तपसिल बमोजिम मिति २०७९।०३।०५ गतेसम्म शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

(क) स्नातक तहका सङ्काय तथा विषयहरुमा आवदेन दिन सक्ने प्राथमिकताक्रम

(१) शिक्षाशास्त्र सङ्काय अन्तर्गत अङ्ग्रेजी, गणित र विज्ञान विषयमात्र ।

(२) मानविकी सङ्काय अन्तर्गत अङ्ग्रेजी, गणित, पत्रकारिता र समाजशास्त्र विषयमात्र ।

(३) व्यवस्थापन सङ्काय ।

(४) प्राविधिक धार तथा बुँदा नं. २, ३, ४ बाहेकका अन्य सबै सङ्काय तथा विषयहरु ।

(ख) प्राप्त हुने छात्रवृत्ति रकम

(१) पूर्ण छात्रवृत्ति : छात्रवृत्तिको रकम बढीमा चालिस हजार वा सम्बन्धित क्याम्पसको वार्षिक शुल्कमध्ये जुन कम छ सोही रकम भन्दा बढी हुने छैन ।

(२) आंशिक छात्रवृत्ति : छात्रवृत्तिको रकम बढीमा बिस हजार वा सम्बन्धित क्याम्पसको वार्षिक शुल्कको पचास प्रतिशत रकममध्ये जुन कम छ सोही रकम भन्दा बढी हुने छैन

(ग) संलग्न गर्नुपर्ने कागजातहरु

१. सम्बन्धित विद्यार्थीको निवेदन,

२. क्याम्पसमा भर्ना भएको कागजात,

३. १०+२ उत्तीर्ण भएको प्रमाणपत्र,

४. क्याम्पसको कुनै एक वर्ष अध्ययन गर्न लाग्ने कुल खर्चको विवरण खुल्ने प्रमाणित कागजात,

५. गरिब, दलित तथा पिछडिएको क्षेत्रका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

**नोट :** थप जानकारीका लागि वेवसाइटः raghugangamun.gov.np मा रहेको छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७७ बाट प्राप्त गर्न सकिनेछ ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत